# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, माघ २४ गते २०३६ साल (संख्या ४१

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

पेस्की फछ्र्यौट (दोस्रो संशोधन) नियमावली, २०३९

पेस्की फछ्र्यौट नियमावली, २०३२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "पेस्की फछ्र्यौट (दोस्रो संशोधन) नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. पेस्की फछ्र्यौट नियमावली, २०३२ को नियम ५ मा संशोधन : पेस्की फछ्र्यौट नियमावली, २०३२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ मा रहेको "कार्यालयमा फर्केको" भन्ने शब्दहरूपछि "वा भ्रमण कार्य पूरा गरेको" भन्ने शब्दहरू थपिएका छन् । ४८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।